# पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Letter No.: ०७९/०८०
च.नं./Ref. No.: २९(सूचना)

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत पकेट विकास कार्यक्रम**

**आवेदन पेश गर्ने सम्वन्धि सूचना।**

**दोस्रो पटक प्रकाशित सूचना :२०७९/०८/१९**

पूर्वखोला गाउँपालिकाको लागि यस आ.व.२०७९/०८० मा सङ्घीय सरकार अर्न्तगत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत प्राप्त व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यकम अर्न्तगतका तपसिल कार्यक्रम संचालन गर्नको लागि इच्छुक कृषि सहकारी/कृषक समूह/जल/वन उपभोक्ता समिति/कृषि फार्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कृषि विकास शाखामा तोकिएको ढाँचा अनुसार आवेदन पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**कार्यकमको मापदण्ड**

| क.सं. | वाली /वस्तु | इकाई | न्युनतम क्षेत्रफल | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुन्तलाजात फलफूल बाली पकेट विकास कार्यक्रम | हेक्टर | ७ हेक्टर | १२ लाख | नयाँ |
| २. | मकैबाली पकेट विकास कार्यक्रमको निरन्तरता | हेक्टर | १५ हेक्टर | ६ लाख | निरन्तरता |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. पकेट माग गर्ने सम्बन्धित संस्थाको निर्णय प्रतिलिपी।

२. सम्बन्धित निकायमा कृषि समूह/सहकारी/समिति/कृषि फार्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतितिपी।

३.प्रस्ताव पेश गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

४.कार्यकम संचालन हुने स्थान(जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा जग्गा लिजमा लिएको भएमा कम्तिमा ५ वर्षको सम्झौता प्रतिलिपी।

५.अनुसुची -६ वमोजिम प्रस्ताव निवेदन।

६.अनुसुची-७ बमोजिमको तथ्याङ्क फारम।

७.सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

.................................
विनोद नेपाल
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
तानसेन,पाल्पा।

अनुसूची-६

(परिच्छेद ४ को ४.१.८ (क) र ४.२.८ (क) सँग सम्बन्धित)

## पकेट/ब्लक मागका लागि आवेदन फारम (नमूना)

मितिः....................

श्री प्रमुखज्यू

.................................................. (कार्यालय)

.......................।

विषयः <u>पकेट/ब्लक स्थापना गरी पाउँ बारे</u>।

प्रस्तुत विषयमा हामी तपसिल बमोजिमका कृषक समूह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि उद्यमीहरु यस .............. जिल्लाको .................................................. गा.पा./न.पा. भित्र कमाण्ड क्षेत्र रहने गरी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट)/ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) स्थापना गरी सञ्चालन गर्न ईच्छुक भएकोले .............. बाली/वस्तुको पकेट/ब्लक क्षेत्र निर्धारण गरी दिनु हुन यो निवेदन पेश गरेका छौं।

निवेदक

| क्र.सं. | कृषक समूह/ कृषि सहकारी संस्था/ जल उपलभोक्ता समिति/ कृषि उद्यमीको नाम | ठेगाना | सम्पर्क नं. | अध्यक्ष /प्रोपाईटरको नाम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदन साथ संलग्न कागजातहरु

(१) सम्बन्धित निकायमा कृषि समूह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

(२) पकेट/ब्लक माग गर्ने संस्था(हरु) को कार्य समितिको निर्णयको प्रतिलिपि।

(३) कार्यक्रम सञ्चालन हुने स्थनीय तहको सिफारिस (ब्लकको हकमा)।

(४) अध्यक्ष/प्रोपाईटरको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(५) अनुसूची-७बमोजिमको बिवरण।

अनुसूची-७

(परिच्छेद ४ को ४.१.८ (क), ४.१.१३ ख (इ), ४.२.८ (क) र ४.२.१३ ख (इ) सँग सम्बन्धित)

## पकेट/ब्लक क्षेत्र मागको लागि आधारभुत तथ्याङ्क फारम

(१) प्रस्तावित पकेट/ब्लक विकास हुने बालीको नाम:

(२) प्रस्तावित पकेट/ब्लक विकास गरिने स्थान:

(३) प्रस्तावित पकेट/ब्लक क्षेत्रमा परियोजना अन्तर्गत सञ्चालन भै सकेका पकेट/ब्लकको विवरण

| पकेट / ब्लक सञ्चालन भएको बाली/वस्तु | गाउँपालिका/ नगरपालिका | वडा नम्बर | पकेट/ब्लकको क्षेत्रफल (हेक्टर) | पकेट / ब्लक सञ्चालनको अवधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(४) प्रस्तावित पकेट/ब्लक क्षेत्र अन्तर्गत कार्यक्रममा समावेश हुन सक्ने घरधुरीहरुको विवरण

| गाउँपालिका/नगरपालिका | वडा नम्बर | लक्षित कृषक घरधुरी संख्या |
|---|---|---|
| | | |
| | | |

(५) प्रस्तावित पकेट/ब्लक क्षेत्रमा समावेश हुने खेती योग्य जग्गाको विवरण

| जग्गाको किसिम | क्षेत्रफल (हेक्टर) | सिंचित (हेक्टर) | असिंचित (हेक्टर) | सिंचित भए सिंचाइको स्रोत |
|---|---|---|---|---|
| | | | | |
| खेत | | | | |
| पाखो | | | | |
| बारी | | | | |
| जम्मा | | | | |

(६) प्रस्तावित पकेट/ब्लक सञ्चालन क्षेत्रको प्रमुख बालीको हालको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व विवरण

| पकेट/ब्लक क्षेत्रको हालको प्रमुख बाली वस्तुहरु | कुल क्षेत्रफल (हेक्टर)/संख्या | उत्पादकत्व (मे.टन/हेक्टर) | कुल उत्पादन (मे. टन) | अनुमानित बिक्री परिमाण (मे. टन) |
|---|---|---|---|---|
| बहुवर्षीय बाली | | | | |
| सिजनल बालीहरु | | | | |
| | | | | |
| पशुपालन | | | | |
| मत्स्यपालन | | | | |
| | | | | |

(७) प्रस्तावित पकेट/ब्लक कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरु (पकेट/ब्लक सञ्चालन पश्चात प्राप्त हुने उपलब्धि विवरण उल्लेख गर्ने)

(क) फलफुल बगैंचा

| जग्गाको क्षेत्रफल | जम्मा बोट संख्या | पूर्ण रुपमा उत्पादनशील बोट संख्या | आंशिक रुपमा उत्पादनशील बोट संख्या | जम्मा उत्पादन (मे.टन) | थप विस्तार हुने क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ख) प्रस्तावित सिजनल बाली

| जग्गाको क्षेत्रफल | तोकिएको बालीले ढाक्ने क्षेत्रफल | उत्पादत्व (मे.टन प्रति हेक्टर) | जम्मा उत्पादन | थप विस्तार हुने क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ग) प्रस्तावित पशुपालन

| पशुपालन | पशुधनको संख्या | प्रति पशुधन उत्पादन (दुध र मासु) | जम्मा उत्पादन | थप हुने पशुधन संख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(घ) प्रस्तावित मत्स्यपालन

| माछाको जात | पोखरी संख्या | जलाशय क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हेक्टर) | थप हुने जलाशय क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(८) प्रस्तावित पकेट/ब्लक मा उल्लेख गरिएको बाली/वस्तुको प्राविधिक एवं भौगोलिक उपयुक्तता

-
-

(९) प्रस्तावित पकेट/ब्लक मा उल्लेख गरिएको बाली/वस्तुको बजारीकरणको सम्भावना

| प्रमुख बजार | उपलब्ध बजार पूर्वाधार | उत्पादनको बजारीकरण योजना |
|---|---|---|
| | | |
| | | |

(१०) प्रस्तावित पकेट/ब्लक सञ्चालन गर्न आवश्यक कृषि उत्पादन सामाग्री उपलब्धताको स्रोत एवं अवस्था

| उत्पादन सामाग्री | उपलब्ध स्रोत |
|---|---|
| | |
| | |

(११) प्रस्तावित पकेट/ब्लक अन्तर्गतको बाली/वस्तुको उत्पादनको लागि आवश्यक कृषि पूर्वाधारहरुको उपलब्धता

-
-

(१२) प्रस्तावित पकेट/ब्लक क्षेत्र भित्र सामुहिक खेती वा क्लष्टर खेतीको हालको अवस्था एवं विस्तारको सम्भावना

-

(१३) प्रस्तावित पकेट/ब्लक कार्यान्वयनबाट थप हुन सक्ने रोजगारीका अवसरहरु

| आंशिक रोजगारी | पूर्णकालिन रोजगारी | दैनिक ज्यालदारी |
|---|---|---|
| | | |
| | | |

(१४) प्रस्तावित पकेट/ब्लक माग गर्नुका आधारहरु (न्युनतम क्षेत्रफल वा संख्या, संस्थागत क्षमता, आवेदक संस्थाहरुको यहि प्रकृतिका कार्यक्रम सन्चालन गरेको अनुभव आदी)

-
-

(१५) प्रस्तावित पकेट/ब्लक र बाली/वस्तु छनौट गर्नाको पुष्टयाई

-
-

(१६) प्रस्तावित पकेट/ब्लक माग गर्ने संस्थाको प्रोफाइल

(पकेट/ब्लक माग गर्ने संस्था एक भन्दा बढी भए यो प्रोफाइल क्रमश थप गर्दै जाने)

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्मको नामः

गठन भएको मितिः

संस्थाको ठेगानाः

तपाईको समूह/संस्था कुनै सरकारी संस्थामा आवद्ध छ भने सो संस्थाको

नाम .............................................दर्ता नं.........

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म कसरी गठन भएको हो? कसको गठन भयोर...................

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म गठन खास उद्देश्य के हो ?.................

मासिक बचत छ वा छैन ? यदि छ भने कति............

क) बैंकः.......................................................... ख) खाता नं.

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म कार्यान्वयनको प्रमाण

(क) निर्णय ( ) (ख) नगदी खाता ( ) (ग) बैंक खाताको विवरण ( )

घ) दर्ता प्रमाण पत्र ( ) ङ) अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र ( )

च) अन्य भए खुलाउनुहोस् ...................

जम्मा शेयर सदस्य संख्या

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्मका सदस्यको विवरण

| क्र.सं. | सदस्यको नाम | ठेगाना | खेती योग्य जमिन/पशु संख्या |
|---|---|---|---|
| | | | |

नोटः १. यस अनुसूचीलाई पकेट र ब्लक प्रोफाइल प्रयोजनको लागि समेत प्रयोग गरिनेछ।

२. सम्बन्धित कार्यालयले आवश्यकता अनुसार बाली/वस्तु विशेषका लागि यस अनुसूचीलाई विस्तृतीकरण गर्न सक्नेछ।

परिच्छेद ७

# उपलब्ध हुने सेवा सुविधाहरु

**७.१ उपलब्ध हुने सेवा सुविधाहरुः** तोकिएका पकेट, ब्लक, जोन र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक बढीमा देहाय अनुसार सेवा सुविधाहरु उपलब्ध गराइने छ।

तालिका १४: परियोजनाबाट उपलब्ध हुने सुविधाहरु

| क्र.स. | विवरण | सुविधा |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत) | बढिमा ५० प्रतिशत |
| २ | प्राबिधिक सहयोग | बढिमा १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | बढिमा ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | बढिमा ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | बढिमा ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | बढिमा ८५ प्रतिशत |

नोटः १) केही अत्यावश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापनका लागि निर्देशक समितिको निर्णयानुसार सहजीकरणका विषयहरु थप हुन सक्नेछन्।

## ७.२ अपेक्षित प्रतिफल र अवलम्बन गरिने विधि

### ७.२.१ अपेक्षित प्रतिफल

(क) परियोजना अवधिभरमा सम्भाव्यता र औचित्यका आधारमा पकेट,ब्लक,जोन र सुपर जोनको संख्यामा वृद्धि गर्दै क्रमशः१५००० पकेट, १५०० ब्लक, ३०० जोन र २१ सुपर जोनहरु स्थापना भएको हुनेछ । उपरोक्त लक्ष्य प्राप्तिको लागि भौगोलिक सम्भाव्यता तथा स्थानीय आवश्यकताका आधारमा परियोजनाको अवधिमा प्रत्येक स्थानीय तहको प्रत्येक वडामा २ वटा पकेट र प्रत्येक स्थानीय तहमा २ वटा ब्लक स्थापना हुने, प्रत्येक जिल्लामा बढीमा ५ जोन र प्रत्येक प्रदेशमा बढीमा ५ सुपरजोन स्थापना भएको हुनेछ। राष्ट्रिय र प्रादेशिक महत्व र स्थानीय सम्भाव्यताका तोकिएका बालीहरु कम्तीमा ४ लाख ७ हजार हेक्टरमा खेती भई करिब ६६ लाख मे.टन कृषि उपज र दुध तथा मासु थप उत्पादन हुने अनुमान गरिएको छ।

(ख) परियोजना अवधिमा तोकिएका बाली वस्तुको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको माध्यमबाट क्रमशः आत्मनिर्भर उन्मुख भएको हुने।

(ग) परियोजनाको प्रथम वर्षमा करिब ८ लाख ७० हजार आंशिक र ४३ हजार ५०० स्थायी रोजगारी सृजना भएको हुनेछ। परियोजनाको अन्तिम वर्षमा करिब ५ लाख १० हजार आंशिक र २५ हजार ५०० स्थायी रोजगारीको संख्या कायम रहनेछ।

(घ) परियोजना अवधिभरमा कुल लगानी करिब रु. १ खर्व ३० अर्बबाट मूल्य अभिवृद्धि सहित करिब रु. २० खर्व ९५ अरब ७५ करोड मूल्य बराबरको रकम कुल गार्हस्थ उत्पादनमा योगदान पुगेको हुनेछ। जसबाट कृषि विकास रणनितिको पहिलो १० वर्षको लक्ष्य हासिल गर्न महत्वपूर्ण सहयोग पुग्नेछ।

### ७.२.२ अपेक्षित प्रतिफल हासिल गर्नका लागि अवलम्बन गरिने विधि

(क) प्रत्येक जिल्लाबाट राष्ट्रिय आवश्यकता, स्थानीय सम्भाव्यता र तुलनात्मक लाभका अनुसूची-१ अनुसारका ३ देखि ५ वटा बाली/वस्तुहरुको छनौट गरिनेछ।